सियारी गाउँपालिका

Siyari Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office Of Rural Municipal Executive

हर्नैया, रुपन्देही

Harnaiya, Rupandehi

लुम्बिनी प्रदेश नेपाल

Lumbini Province Nepal

च.नं./Ref No. :

प.सं./Dispatch No. : २०७९/०८०

## नदीजन्य पदार्थको उत्खन्न तथा बिक्रीका लागि सार्वजनिक डाँक बढाबड सम्बन्धी  सूचना ।

( प्रकाशित मितिः २०७९/०८/०१)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क, र यस सियारी गाउँपालिकाको आर्थिक ऐन २०७९ को दफा ०७, संघीय सरकारको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७, सियारी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८, लुम्विनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ तथा गाउँपालिकाको नदीजन्य पदार्थ उत्खनन् व्यवस्थापन तथा नियमन कार्यविधि, २०७७ समेतको व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटवाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी सियारी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्न प्रथम पटक मितिः २०७९/०७/०६ गते १५ दिने सूचना प्रकाशन भएको र मिति २०७९/०७/२२ गते दोस्रो पटक ७ दिने सूचना प्रकासित भएकोमा तपसिल बमोजिमको कैफियत भई वोलपत्रको माध्यमद्धारा नदीजन्य पदार्थको बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्न नसकिएकोले सियारी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ को नियम १३८ को उपनियम(४) (झ) अनुसार सार्वजनिक डाँक बढावढको माध्यमवाट नदीजन्य पदार्थ उत्खनन् गरी सियारी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्नु पर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी सार्वजनिक डाँक बढाबढमा तोकिएका शर्तहरु पुरा गरी सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

सियारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हर्नैया, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## तपसिल

| सि. नं. | आय ठेक्कानं./ बोलपत्र नं. | सार्वजनिक बढाबढ हुने … | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोल अङ्क रकम (सेवाशुल्क र … | धरौटी (जमानत )रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०४-०७९/०८० | कनरी घाट | ११००२४६।०७ | १७६०३९३७।१२ | कबोल अंकको ५% | पहिलो सूचना अनुसार एक मात्र सिलबन्दी बोलपत्र परेको र सो बोलपत्रलाई कायमै राखी दोस्रो पटक सूचना प्रकासन गरिएकोमा दोस्रो पटक कुनै बोलपत्र नपरेको र पहिलो सिलबन्दी बोलपत्र खोल्दा रीत … |
| २ | ०५-०७९/०८० | भर्थापुर घाट | ७६९६२३।१७ | १२३१३९७०।७२ | कबोल अंकको ५% | पहिलो सूचना अनुसार एक मात्र सिलबन्दी बोलपत्र परेको र सो बोलपत्रलाई कायमै राखी दोस्रो पटक सूचना प्रकासन गरिएकोमा पहिलो सिलबन्दी बोलपत्र बोलपत्र दाताले फिर्ता लगेको र दोस्रो सूचना अनुसार कुनै बोलपत्र नपरेको । |

**शर्तहरु :**

१. कबोल रकमको पाचँ प्रतिशत रकम गाउँपालिकाको एन. आई. सि. एसिया बैंकमा रहेको ग ३.१ स्थानीय तह धरौटी खाता ०९३२०५००१४९४१०१२ मा दखिला गरेको सक्कलै बैंक भैचर वा नगदै वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैकले जारी गरेको कम्तीमा नब्बे दिन म्याद भएको बिडबण्डको सक्कल प्रति पेश गर्नु पर्ने छ ।अन्यथा सार्वजनिक बढाबढमा भाग लिन पाइने छैन ।

२. सार्वजनिक बढाबढ मिति र समय २०७९।०८।०९ गते ११.३० बजे देखि१.०० बजे कनरी घाट र सोही दिन १.३० बजे देखि ३.००बजे सम्म भर्थापुर घाट

३. सार्वजनिक बढाबढमा भाग लिने ईच्छुक ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न कबोल गर्न चाहेको अंकको ५% ले हुन आउने बुदा नं.१ अनुसारको जमानत संलग्न गरी सार्वजनिक बढाबढ शुरु हुने समय भन्दा आधा घण्टा अगाडी राजस्व शाखामा पेश गर्नु पर्ने छ ।

४. बुदा नं. ३ अनुसारको प्रमाणहरू पेश नगर्ने फर्म वा कम्पनीले बढाबढमा सहभागि हुन पाउने छैन ।

५. बढाबढ गर्दै जाँदा कबोल अंकको ५% जमानत नपुग हुन गएमा ५% पुर्याउन आवश्यक रकम नगदै दाखिला गर्न पाईने छ ।तर न्युनतम बोल अंकको ५% जमानत भने शुरुमै पेश गर्नु पर्ने छ ।

➢ अन्य जानकारी तथा शर्तहरु गाउँ कार्यपालिकाको सूचना पाटी तथा वेवसाईड www.siyarimun.gov.np बाट जानकारी लिन सकिने छ ।

सियारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हर्नैया, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

अन्य शर्तहरु

१. नदिजन्य पदार्थ उत्खन्नका लागि कुनै पनि प्रकारको मेशिन प्रयेग गर्न पाइने छैन ।

२ .ठेक्का अवधी २०७९ सालको सम्झौता मिति देखि २०८० सालको जेष्ठ मसान्त सम्म हुनेछ ।

३. बढाबढ स्वीकृत भए पश्चात कबोल गरेको रकमको ५० प्रतिशत र सो मा लाग्ने कर दाखिला गरी कार्य सम्झौताको लागि सम्पर्क राख्नु पर्ने छ र बाकी रकमको लागि नेपाल नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त (क) वर्गको बाणिज्य बैंक बाट यस कार्यालयको नाममा वि.स. २०८० साल असार मसान्तसम्म म्याद सहित जारी गरिएको बैङ्क ग्यारेन्टी( परफरमेन्स वण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्ने छ । साथै बढाबढबाट कवोल गर्ने व्यक्ति वा फर्मले आफुले कवोल गरेको अङ्क सेवा शुल्क वापत हुन आउने रकमको नियमअनुसार थप १३ प्रतिशत भ्याट र १.५ प्रतिशत टि.डि.एस रकम समेत यस कार्यालयमा वुझाउनुपर्ने छ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्ने छ ।

४. बढाबढ कबोलदाताले नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको कार्यालयले समय समयमा दिइएको निर्देशनको पालन गर्नुपर्नेछ । साथै कार्यालय तथा बढाबढ कबोलदाता विच कुनै विवाद उत्पन्न भएमा यस कार्यालयले गरेको निर्णय नै अन्तिम हुनेछ ।

५. प्रचलित नियमानुसार कालोसूचिमा परेका, गाउँपालिका कार्यालयलाई बुझाउनपर्ने बाँकी बक्यौता भएका ब्यक्ती, फर्म तथा कम्पन्नीहरुको बढाबढमाभाग लिन पाउने छन ।

६. बढाबढ कबोलदाताले गाउँपालिका कार्यालय सियारी रुपन्देहीले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोग गर्नुपर्नेछ ।कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाहि गरिनेछ

७. बढाबढ कबोलदाताले सम्झौता पछि गाउँपालिका कार्यालयलाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनहाको लागी दावी गर्न पाईने छैन ।

८. राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग खेती योग्य जमिनमा ढाट तगारो राखी प्राकृतिक श्रोत कर संकलन गर्न पाईने छैन ।

९. भण्डारण स्थलहरुमा सम्पुर्ण जानकारी सहितको सूचना पार्टी (साईनवोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारबालाहरले देख्ने गरि आफ्नै खर्चमा राख्नु पर्नेछ । संकलनको काम गर्न कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ ।

१०. ढुङ्गा, बालुवा, ग्रावेल , गिट्टी उत्खनन गर्दा प्रचलित ढुङ्गा, बालुवा, ग्रावेल , गिट्टी उत्खनन, संकलन ,क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधिको पालना गर्नु पर्नेछ ।

११. घाटगद्धीको व्यवस्था नभएकोले उत्खनन गरेको नदीजन्य पदार्थ सिधै विक्रि गर्न सकिने छ र सिधै विक्रि गर्दा विक्रि रसिद ढुवानी साधनसाथ अनिवार्य हुनु पर्नेछ । सिधै विक्रि गर्ने अवस्था नभई नदिजन्य पदार्ग भण्डारण गर्नु परेमा नदीको पश्चिम तर्फ बेथरी बेलवास सडक खण्डको पश्चिम १०० मिटर भन्दा टाढा आफ्नो निजी जग्गा वा लिजमा लिएको जग्गामा भण्डारण गर्न सकिनेछ र नदीको पूर्वतर्फ १ कि.मि. पूर्व मात्र भण्डारण गर्न सकिनेछ मापदण्ड भन्दा भित्रको नदीजन्य पदार्थ जुनसुकै बेला गाउँपालिकाले जफत गर्न सक्ने छ ।

१२. भण्डारण गर्न लैजानु पर्ने ढुवानीमा भण्डार गर्ने रसिद अनिवार्य साथै हुन पर्ने ।

१३. नदीको किनारबाट भुक्षय हुने गरी डिल भिर भित्तो खनी खोस्री गरी ढुङ्गा, वालुवा, ग्रावेल , गिट्टी निकाल्न पाईने छैन ।

१४. भिजेको नदिजन्य पदार्थ ढुवानिमा पूर्ण रोक लगाउनुपर्नेछ ।सथै ढुङ्गा, बालुवा, ग्रावेल , गिट्टी आदि छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

१५. बढाबढ कबोलदाताले उत्खनन क्षेत्रमा फोहर मैलाको व्यवस्थापन गर्नुपर्ने छ साथै ठेकेदारले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ ।

१६. बढाबढ कबोलदाताले कामदारका लागी प्राथमिक उपचारका सथै माक्स, हेल्मेट आदिको व्यवस्था मिलाउनु पर्नेछ ।

१७. बढाबढ कबोलदाताले प्रत्येक महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिर्वाय रुपमा पेश गर्नुपर्ने छ । साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएको अर्धकट्टी नगदि रसिद पनि फिर्ता गर्नुपर्ने छ ।साथै आम्दानी खर्च रजिष्टार अध्यावधिक गरी राख्नुपर्ने छ ।

१८. बढाबढ कबोलदाताले नदी जन्य पदार्थ संकलन उत्खनन हुने भण्डारण स्थल सम्बन्धी खर्चहरु स्वंय आफैले व्यहोनु पर्नेछ ।

१९. विहान सुर्येदय भन्दा अगाडी र साझँ सुर्यास्त भन्दा पछी उत्खनन स्थलमा प्रवेश गर्न पाईने छैन ।यसरी नियम विपरीत गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाहि गरिनेछ ।

२०. नदिजन्य पदार्थ संकलन गर्ने जिम्मेवारी हस्तान्तरण गर्नु अगाडी जुन नदि/खोलाको जुन स्थानबाट संकला गर्नेगरी स्विकृत भएको हो, सोही नदि खोलाहरुको सोही स्थान प्राविधिकबाट एकिन गराई/, तोकिएको परिणाम भन्दा बढी नदिजन्य पदार्थ निकासी हुन नपाउने व्यवस्था गर्नुपर्ने छ ।

२१. तोकिएको स्थानको लम्बाई र उचाई खुल्ने रेफरेन्स प्वाइन्टको चीनो लगाएको मुचुलका तयार गरेपछी कार्य सुरु हुनेछ ।

२२. यस सुचनामा उल्लेख भएका शर्तहरु लगाएत यस गाउँकार्यपालिकाको निर्णयनुसार दिइने सुझाव यस ठेक्का प्रयोजनको लागी अभिन्न अंगको रुपमा मानिनेछन।

२३. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७७ (IEE) का प्रावधानहरुको व्यवस्था गर्ने अधिकार सियारी गाउँपालिकामा सुरक्षीत रहनेछ ।

२४. यस सुचनामा उल्लेख भएको विषय यसै सुचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम, प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन २०७७ र संघिय र प्रदेश कार्यविधि वमोजिम हुनेछ ।

२५. यस बढाबढमा सहभागी हुन चाहने इच्छुक फर्म संस्थाले यस गाउँपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७७ (IEE) ,  सियारी गाउँपालिकाको आर्थिक ऐन २०७५, ढुङ्गा,  बालुवा, ग्रावेल , गिट्टी उत्खनन,  संकलन ,क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, स्थानिय सरकार सञ्चालन ऐन २०७४ लगायत अन्य सम्बन्धीत कागजातहरु राम्रोसंग अध्ययन गर्नुहुन अनुरोध छ ।

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत